सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम कृषि विकास कार्यालय, लमजुङबाट सार्वजनिक गरिएको विवरण

**२०८३ बैशाख, जेष्ठ र असार महिनामा सम्पादित प्रमुख क्रियाकलापको विवरण**

# स्वतः प्रकाशन

गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## कृषि विकास कार्यालय, लमजुङ

**नेपाल**

**असार, २०८३**

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) सँग सम्बन्धित विवरण

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) ले व्यवस्था गरेको निर्धारित विषयमा यस कृषि विकास कार्यालय, लमजुङको २०८३ साल बैशाख १ गते देखि २०८३ साल असार मसान्तसम्मको सूचनाको अध्यावधिक विवरण देहाय अनुसार रहेको व्यहोरा सार्वजनिक गरिएको छ।

## १. निकायको स्वरुप र प्रकृति

गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मातहत कृषि विकास कार्यालय, लमजुङ प्राविधिक प्रकृतिका कृषि क्षेत्रसँग सम्बन्धित सेवामुलक गतिविधि सञ्चालन गर्ने प्रदेश सरकारको जिल्लास्तरीय एउटा निकाय हो। यसको संगठन संरचना देहाय अनुसारको रहेको छ।




## २. निकायको काम, कर्तव्य र अधिकार

यस कृषि विकास कार्यालय, लमजुङको कार्यविवरण देहाय अनुसार रहेको छ,

- कृषि व्यवसायिकिकरणको माध्यमबाट रोजगारीका अवसरहरु सिर्जना गर्ने तथा निर्वाहमुखी कृषि उत्पादनलाई आय तथा रोजगारमूलक र आधुनिक बजारमुखी उत्पादन प्रणालीमा रुपान्तरण गरी कृषि क्षेत्रको विकासमा तीवता ल्याई गरिबी निवारणमा टेवा पुऱ्याउने।
- कृषि जन्यवस्तुहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी जिल्लालाई खाद्यान्नमा आत्म निर्भर बनाउनका साथै आयात प्रतिस्थापन तथा निकासी योग्य वस्तुहरुको उत्पादनमा जोड दिने।

- स्थानीयस्तरमा नै गुणस्तर बीउ, वेर्ना, मौरी घार आदिको दीगो आपूर्तिका लागि स्रोत केन्द्रहरुको विकास गर्ने।
- दिगो कृषि विकास र वातावरण संरक्षणको लागि जनचेतना जगाउने र प्राङ्गारिक खेतीतर्फ जोड दिने।
- कृषि प्रसारका शैक्षिक पद्धतिहरुको माध्यमबाट आधुनिक कृषि प्रविधिहरु सर्वसुलभ तरिकाले कृषकसमक्ष पुऱ्याई प्रविधि हस्तान्तरण गर्नुका साथै प्राविधिका ज्ञाता, अनुसन्धानहरुलाई उपलब्ध गराई पुलको काम गर्ने।
- कृषि उत्पादनका लागि आवश्यक पर्ने बीउ, विजन, विषादि, रासायनिक मल आदिको आपूर्ति सरल एवं सर्वसुलभ गुणस्तरीय बनाउन ऐन, कानूनको पालना गर्ने गराउने काममा कानूनले तोके अनुसार भूमिका खेल्ने।

## ३.निकायमा रहेका कर्मचारीको सङ्ख्या

| क्र.सं. | पद | श्रेणी / तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत | दशौं | १ | १ | ० | कार्यालय प्रमुख |
| २ | कृषि अर्थ बिज्ञ | आठौं | १ | १ | ० | |
| ३ | कृषि प्रसार अधिकृत | सातौं | १ | १ | ० | |
| ४ | बाली संरक्षण अधिकृत | सातौं | १ | ० | १ | |
| ५ | कृषि प्रविधिक सहायक/अधिकृत | पाचौं/छैठौं | ३ | २ | १ | |
| ६ | नायब सुब्बा/अधिकृत | पाचौं/छैठौं | १ | ० | १ | |
| ७ | लेखापाल/अधिकृत | पाचौं/छैटौं | १ | १ | ० | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहीन | १ | १ | ० | करार |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहीन | २ | २ | ० | १ जना करार |
| जम्मा | | | ११ | ८ | २ | |

## ४. कार्य विवरण

| क्र.सं | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| १ | | बरिष्ठ बाली बिकास अधिकृत | ९/१०औं | • जिल्लाको सम्भाव्यता, आवश्यकता र माग अनुसार कृषि सम्बन्धी कार्यक्रमको तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।<br>• कृषि बिकास लागि विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने।<br>• जिल्ला स्थित सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय गर्ने।<br>• कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने। |

| क्र.सं | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| | | | | • बीउ बिजन, बेर्ना, बिषादीहरुको बिक्री बितरणको लागि अनुमती पत्र एवम कृषि बीमा उपलब्ध गराउन सहजिकरण, अनुगमन तथा नियमन सम्बन्धी कार्यहरु सञ्चालन गर्ने।<br>• उन्नत कृषि प्रविधिको प्रभावकारी प्रसारका लागि सम्बन्धित नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गर्ने।<br>• कार्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने गराउने।<br>• कार्यालयको दैनिक प्राविधिक तथा प्रशासनिक कार्यको अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने। |
| २ | योजना शाखा | कृषि अर्थविज्ञ | ७/८औं | • कार्यक्रम योजना तर्जुमा तथा आवधिक प्रगति तयार गर्ने।<br>• कृषि सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने।<br>• कृषि प्रयोगशाला (बीउ बिजन परिक्षण, माटो तथा बालीका रोग कीराको प्रकोप) सेवा प्रदान गर्ने।<br>• स्थानिय तहहरु मार्फत संचालन गरिने वार्षिक कार्यक्रमहरु सञ्चालनमा संयोजन गर्ने।<br>• व्यवसायिक योजना तयारी एवम् नियमन सेवा सञ्चालन सहजीकरण गर्ने।<br>• कृषि पेशामा आबद्ध कृषक, व्यवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• कृषि उपज बिक्री केन्द्र/पसल/उद्योगको अनुगमन गरी व्यवस्थित कृषि उपजको सहज बिक्री वितरणका लागि आवश्यक कार्यहरु सम्पादन गर्ने।<br>• कृषि बिषयमा जनचेतना अभिबृद्धिका लागि सूचना एवम प्रकाशन संयोजन गर्ने। |
| ३ | | प्राविधिक सहायक/ अधिकृत (कृषि प्रसार) | ५/६औं | • कृषि प्रयोगशाला संचालनमा सहयोग गर्ने।<br>• प्रयोगशालामा बाली रोग परीक्षण सम्बन्धी कार्यहरु गर्ने।<br>• बाली उपचार शिविर वार्षिक कार्यक्रमहरु सञ्चालनमा सहजिकरण गर्ने।<br>• पशुपन्छी तथा मत्स्य रोग सर्भिलेन्स गरि रिपोर्ट तयार गर्ने कार्यमा सहयोग गर्ने। |
| ४ | बिशेषज्ञ सेवा शाखा | कृषि प्रसार अधिकृत | ७/८औं | • सम्बन्धित स्थानीय तह र कार्यकालयको अन्य शाखाको समन्वयमा कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्ने।<br>• कृषि व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने।<br>• नयाँ उन्मोचित बालीका जातहरु कृषकहरु समक्ष पुर्‍याउन आवश्यक समन्वयमा गर्ने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने ।<br>• कृषक, व्यवसायी तथा उद्यमीहरूले माग गरेको अवस्थामा विशिष्टिकृत प्राविधिक सेवा उपलब्ध गराउने।<br>• रैथाने तथा स्थानिय जातका बालीहरुको संरक्षण तथा प्रवर्दनका लागि आवश्यक कार्य गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने। |

| क्र.सं | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| ५ | | बाली संरक्षण अधिकृत | ७/८औं | • स्थानीय तहसँगको समन्वयमा बाली संरक्षण र एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) सम्बन्धी वार्षिक कार्यक्रम तर्जुमा गर्ने।<br>• बालीनालीमा लाग्ने रोग, कीरा र झारपात नियन्त्रणका लागि एकीकृत शत्रुजीव व्यवस्थापन प्रविधिको विस्तार गर्ने।<br>• रासायनिक विषादीको सुरक्षित प्रयोग र नियमनका लागि कृषक तथा व्यवसायीहरूमा जनचेतना अभिवृद्धि गर्ने।<br>• विषादीको विकल्पमा जैविक र स्थानीय प्रविधिको प्रयोगलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने।<br>• बालीनालीको नियमित निरीक्षण गरी आकस्मिक रोग-कीरा महामारी नियन्त्रणका लागि प्रतिकार्य गर्ने।<br>• रोगी बालीको नमूना परीक्षण गरी समस्या पहिचान र विशिष्टिकृत उपचार सेवा उपलब्ध गराउने।<br>• बीउ विजन र बिरुवाहरूको स्वच्छता एवं गुणस्तर परीक्षण सम्बन्धी कार्यहरू सम्पादन गर्ने।<br>• बाली संरक्षणका क्षेत्रमा भएका कार्यप्रगतिको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने। |
| ६ | | प्राविधिक सहायक/ अधिकृत (बागवानी) | ५/६ औं | • कृषि व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।<br>• उन्नत कृषि प्रविधि प्रसार सम्बन्धी कार्यहरु सञ्चालन गर्ने।<br>• बागवानी, बाली, माटो बिज्ञान सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालन गर्ने । |
| ७ | | प्राविधिक सहायक/ अधिकृत (बाली संरक्षण) | ५/६ औं | • कार्यालयको वार्षिक कार्यक्रम तर्जुमा गर्न सहयोग गर्ने।<br>• कृषि व्यवसाय प्रवर्धन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहयोग गर्ने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी प्राविधिक सेवा उपलब्ध गराउने।<br>• उन्नत कृषि प्रविधि सम्बन्धी जनचेतनामूलक कार्य सञ्चालनमा सहयोग गर्न ।<br>• बाली संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।<br>• बालीको रोग कीराको सर्वे सर्वेक्षण गरी तथ्याङ्क अध्यावधिक गर्न सहयोग गर्ने।<br>• कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण तयार गर्ने कार्यमा सहयोग गर्ने। |
| ८ | प्रशासन फाँट | लेखापाल/ अधिकृत | ५/६ औं | • कार्यालयको आर्थिक प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>• आयोजना र कार्यक्रमहरुको आवधिक विवरण तथा फाँटवारीहरु तयारी सम्बन्धी कार्य गर्ने।<br>• कार्यालयबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरुको साधारण तथा पुँजीगत बजेट तयारीका क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्ने। |

| क्र.सं | शाखाको नाम | पद | तह | पदको विवरण |
|---|---|---|---|---|
| | | | | • जिल्ला स्थित प्रदेश लेखा नियन्त्रकको कार्यालयको ईकाईबाट चालु र पुँजीगत बजेट निकासा लिने, आर्थिक कारोवार गर्ने, श्रेस्ता राख्ने र नियमित रुपमा प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने।<br>• आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने।<br>• महालेखापरीक्षकको कार्यालयबाट औंल्याईएका बेरुजु तथा पेश्की फछ्यौंट सम्बन्धी कार्य गर्ने।<br>• कार्यालय प्रमुखलाई आर्थिक प्रशासनको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने। |
| ९ | | सहायक/ अधिकृत | ५/६ औं | • कार्यालयका कर्मचारीहरुको बिदा, काज, सरुवा, लगायतका प्रशासनिक कार्यहरु सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने।<br>• कार्यालय निरिक्षण, पालो-पहरा, सरसफाई, विद्युत, खानेपानी, सवारी साधनको व्यवस्था आदि कार्यहरु गर्ने गराउने।<br>• कार्यालयका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सम्बन्धी सम्पूर्ण काम सम्पन्न गर्न संयोजन गर्ने।<br>• कार्यालय प्रमुखलाई सामान्य प्रशासन सम्बन्धी कार्यको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने।<br>• कार्यालयको जिन्सी तथा पुँजीगत सम्पतिको अभिलेख, संरक्षण, सम्बर्धन र सदुपयोग सम्बन्धी कार्यहरु सम्पादन गर्ने। |
| १० | | हलुका सवारी चालक | - | • सवारी साधन संचालन गर्ने। |
| ११ | | कार्यालय सहयोगी | - | • कार्यालयको सरसफाई तथा सरकारी सम्पतीको हिफाजत एवम् संरक्षण गर्ने। |
| १२ | | कार्यालय सहयोगी | - | • कार्यालयको सरसफाई तथा सरकारी सम्पतीको हिफाजत एवम् संरक्षण गर्ने। |

## ५. निकायबाट प्रदान गरिने सेवा

कृषि विकास कार्यालय, लमजुङले जिल्लाभित्र कृषि क्षेत्रको विकास, उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषकको आयआर्जन अभिवृद्धि, कृषि व्यवसायीकरण तथा खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने उद्देश्यले विभिन्न प्रकारका प्राविधिक, संस्थागत तथा प्रवर्द्धनात्मक सेवाहरू प्रदान गर्दै आएको छ। कार्यालयबाट प्रदान गरिने प्रमुख सेवाहरू देहाय बमोजिम रहेका छन्।

### ५.१ प्राविधिक प्रयोगशाला तथा रोग-किरा व्यवस्थापन सेवा

कृषि उत्पादनको गुणस्तर वृद्धि तथा रोग-कीरा व्यवस्थापनलाई प्रभावकारी बनाउन कार्यालयले प्रयोगशाला मार्फत् विभिन्न सेवा प्रदान गर्दछ। माटो परीक्षण सेवामार्फत माटोको भौतिक तथा रासायनिक अवस्था विश्लेषण गरी आवश्यक मलखादको मात्रा तथा व्यवस्थापन सम्बन्धी सिफारिस

उपलब्ध गराइन्छ। यसबाट कृषकहरूले सन्तुलित मल प्रयोग गरी उत्पादन लागत घटाउन र उत्पादन वृद्धि गर्न सहयोग प्राप्त गर्छन्।

त्यसैगरी बालीनालीमा देखिएका रोग तथा कीराहरूको नमूना परीक्षण गरी वैज्ञानिक पहिचान, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी प्राविधिक सुझाव प्रदान गरिन्छ। आवश्यकता अनुसार रोग तथा कीराको प्रकोप सम्बन्धी सूचना प्रवाह, नियन्त्रणका उपाय तथा एकीकृत रोग तथा कीरा व्यवस्थापन (IPM) सम्बन्धी परामर्श समेत उपलब्ध गराइन्छ। त्यसैगरी, रोग-किराको आक्रमण बढेको बेला आवश्यकता अनुसार बाली संरक्षणका सामाग्रीहरु उपलब्ध गराइन्छ।

## ५.२ आधुनिक कृषि प्रविधि प्रसार तथा प्रदर्शन

कृषि क्षेत्रलाई आधुनिक, प्रतिस्पर्धी तथा व्यावसायिक बनाउन कार्यालयले नवीनतम कृषि प्रविधिहरूको प्रसार तथा प्रदर्शन कार्यक्रम सञ्चालन गरिन्छ। उन्नत खेती प्रणाली, संरक्षित खेती (टनेल तथा प्लास्टिक घर), सिँचाइ व्यवस्थापन, कृषि यान्त्रिकीकरण, डिजिटल कृषि तथा जलवायु अनुकूल प्रविधिहरूको प्रयोग सम्बन्धी जानकारी कृषकसम्म पुऱ्याइन्छ।

प्रविधि प्रदर्शन प्लट स्थापना, कृषक पाठशाला, अन्तरक्रिया कार्यक्रम, अवलोकन भ्रमण तथा प्राविधिक गोष्ठीमार्फत कृषकलाई व्यवहारिक ज्ञान र सीप प्रदान गरिन्छ। यसले कृषकलाई नयाँ प्रविधि अपनाउन प्रोत्साहन गर्नुका साथै उत्पादन लागत घटाउन र उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याउँछ।

## ५.३ उन्नत तथा उच्च उत्पादनशील बाली प्रवर्द्धन

जिल्लामा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कार्यालयले विभिन्न बालीका उन्नत तथा उच्च उत्पादनशील जातहरूको प्रवर्द्धन गर्दै आएको छ। स्थानीय हावापानी तथा भौगोलिक अवस्थाअनुसार उपयुक्त बीउबिजन तथा बिरुवाको प्रयोगलाई प्रोत्साहन गरिन्छ।

फलफूल, तरकारी, खाद्यान्न तथा नगदे बालीहरूको व्यावसायिक उत्पादन विस्तारका लागि प्राविधिक सहयोग, नर्सरी स्थापना तथा व्यवस्थापन, गुणस्तरीय बिरुवा उत्पादन तथा वितरण, बीउ उत्पादन कार्यक्रम र कृषक लक्षित प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिन्छ। उच्च मूल्यका बालीहरू जस्तै, अकबरे खुर्सानी, कफी, एभोकाडो, सुन्तला, अदुवा, बेसार, च्याउ लगायतका बालीहरूको व्यवसायिक खेती विस्तारमा विशेष प्राथमिकता दिइन्छ।

## ५.४ रैथाने तथा स्थानीय बाली संरक्षण र विकास

नेपालको कृषि जैविक विविधता संरक्षण तथा पोषण सुरक्षाको दृष्टिकोणले रैथाने तथा स्थानीय बालीहरूको संरक्षण अत्यन्त महत्वपूर्ण रहेको छ। कार्यालयले कोदो, फापर, कागुनो, लट्टे, सिमी, मास, भट्ट, स्थानीय धान तथा अन्य परम्परागत बालीहरूको संरक्षण, प्रवर्द्धन तथा उपयोगमा विशेष जोड दिएको छ।

रैथाने बालीहरूको बीउ संरक्षण, समुदायस्तरीय बीउ बैंक स्थापना, कृषकलाई संरक्षणमुखी खेतीमा प्रोत्साहन तथा ती बालीहरूको पोषण, औषधीय तथा सांस्कृतिक महत्वका बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्य गरिन्छ। साथै, यस्ता बालीहरूको उत्पादन वृद्धि, मूल्य अभिवृद्धि तथा बजार प्रवर्द्धनका कार्यक्रमहरू समेत सञ्चालन गरिन्छ।

### ५.५ कृषि व्यवसाय प्रवर्द्धन तथा बजारीकरण सहयोग

कृषिलाई निर्वाहमुखी प्रणालीबाट व्यावसायिक तथा उद्यमशील प्रणालीमा रूपान्तरण गर्न कार्यालयले विभिन्न कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दछ। कृषि उद्यमी, कृषक समूह, सहकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी उत्पादनदेखि बजारीकरणसम्मको मूल्य शृङ्खला विकासमा सहयोग पुऱ्याइन्छ।

कृषि उत्पादनको संकलन, भण्डारण, प्रशोधन, ब्रान्डिङ, प्याकेजिङ तथा बजार पहुँच विस्तारका लागि आवश्यक सहजीकरण गरिन्छ। कृषकलाई बजारको मागअनुसार उत्पादन गर्न प्रोत्साहन गरिनुका साथै कृषि मेला, प्रदर्शनी, व्यवसायिक अन्तरक्रिया तथा क्रेता-विक्रेता भेटघाट कार्यक्रममार्फत बजारसँग जोड्ने प्रयास गरिन्छ। कृषि उद्यम स्थापना तथा विस्तारका लागि उपलब्ध विभिन्न अनुदान तथा सहुलियत कार्यक्रमको जानकारी र सहजीकरण समेत गरिन्छ।

### ५.६ क्षमता अभिवृद्धि तथा प्राविधिक परामर्श सेवा

कृषि क्षेत्रको दिगो विकासका लागि कृषक, कृषक समूह, सहकारी संस्था तथा कृषि उद्यमीहरूको क्षमता अभिवृद्धि आवश्यक हुने भएकाले कार्यालयले विभिन्न विषयगत तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दछ।

बाली व्यवस्थापन, फलफूल खेती, तरकारी उत्पादन, च्याउ खेती, मौरीपालन, कृषि व्यवसाय व्यवस्थापन, कृषि यान्त्रिकीकरण, रोग तथा कीरा व्यवस्थापन लगायतका विषयमा तालिम प्रदान गरिन्छ। साथै, कृषकहरूले खेतीपातीका क्रममा भोग्ने समस्या समाधानका लागि स्थलगत प्राविधिक सेवा, नियमित परामर्श तथा आवश्यक प्राविधिक मार्गदर्शन उपलब्ध गराइन्छ। यसले कृषकको ज्ञान, सीप तथा व्यवसायिक क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

### ५.७ जलवायु अनुकूलित कृषि कार्यक्रम

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा देखापरेका चुनौतीहरूलाई न्यूनीकरण गर्न तथा कृषि प्रणालीलाई उत्थानशील बनाउन कार्यालयले जलवायु अनुकूलित कृषि कार्यक्रम सञ्चालन गर्दछ। खडेरी, असिना, बाढी, पहिरो, अनियमित वर्षा तथा तापक्रम वृद्धि जस्ता समस्याबाट कृषि उत्पादनमा पर्ने असर कम गर्न विभिन्न प्रविधिहरूको प्रवर्द्धन गरिन्छ।

जल संरक्षण, सूक्ष्म सिँचाइ प्रणाली, वर्षा पानी संकलन, माटो संरक्षण, बहुवर्षीय बाली प्रवर्द्धन, कृषि वन प्रणाली तथा जलवायु सहनशील जातहरूको प्रयोगलाई प्रोत्साहन गरिन्छ। साथै, जलवायु जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रमहरू समेत सञ्चालन गरिन्छ।

### ५.८ सूचना प्रवाह तथा तथ्याङ्क व्यवस्थापन

कृषि क्षेत्रको प्रभावकारी योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनका लागि तथ्याङ्क तथा सूचनाको महत्वपूर्ण भूमिका रहने भएकाले कार्यालयले कृषि सम्बन्धी विभिन्न तथ्याङ्क सङ्कलन, विश्लेषण तथा व्यवस्थापनको कार्य गर्दछ।

जिल्लाभित्रका प्रमुख बालीहरूको क्षेत्रफल, उत्पादन, उत्पादकत्व, बजार मूल्य, कृषि व्यवसाय तथा अन्य कृषि सूचकहरूको अभिलेखीकरण र अद्यावधिक गरिन्छ। साथै, मौसम सम्बन्धी सूचना, रोग तथा कीराको प्रकोप सम्बन्धी जानकारी, कृषि नीति तथा कार्यक्रम, बजार मूल्य तथा समसामयिक कृषि प्रविधिहरू सम्बन्धी सूचना विभिन्न माध्यमबाट कृषक तथा सरोकारवालाहरूसम्म प्रवाह गरिन्छ। यसले कृषकलाई समयमै निर्णय लिन तथा कृषि व्यवसायलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

क) योजना शाखा: कृषि अर्थ विज्ञ

ख) बिशेषज्ञ सेवा शाखा: कृषि प्रसार अधिकृत

ग) आर्थिक प्रशासन फाँट: प्राविधिक सहायक

## ७. सेवा प्रदान गर्दा लाग्ने दस्तुर

क) निवेदनमा १०/- बराबरको हुलाक टिकट टासँ गर्नु पर्ने।

ख) बीउ बिजन व्यवसायीको अनुमती पत्र लिदाँ रु ४००/- राजश्व शुल्क लाग्ने। नविकरणको लागि रु २००/- लाग्ने। समय पछि नविकरणको लागि पेश गरेमा २००/- थप लाग्ने।

ग) अन्य शुल्क गण्डकी प्रदेश सरकारले तोके बमोजिम हुने।

## ८. निर्णय गर्ने प्रकृया र गर्ने अधिकारी

**निर्णय गर्ने प्रक्रिया:** कार्यालयको स्टाफ बैठक तथा स्वीकृत ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डमा उल्लेखित व्यवस्थाको आधारमा

**निर्णय गर्ने अधिकारी:** कार्यालय प्रमुख (प्रचलित कानून बमोजिम तालुक निकाय वा माथिल्लो तहको अधिकारीले गर्ने भनी उल्लेख भएको विषयमा तालुक मन्त्रालयको सचिव)

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

**कार्यालय प्रमुख** : बरिष्ठ बागवानी विकास अधिकृत श्री किरण सिग्देल

## १०. सम्पादन गरेको कार्यको विवरण

**क) योजना तथा कार्यक्रम तर्फः**

- गण्डकी प्रदेश सरकारबाट स्वीकृत बार्षिक कार्यक्रम सम्बन्धी सूचना स्थानिय राष्ट्रिय दैनिक पत्रिका लमजुङ दर्पणमा मिति २०८२/०५/१९ गते प्रकाशित गरिएको थियो। साथै कार्यालयको सूचना पाँटीमा टाँस, स्थानिय संचार माध्यम मार्फत प्रशारण, कार्यालयको बेभसाईट लगायत सामाजिक संजालमा राखिएको थियो। सूचनाको पँहुच बढाउन पालिकाहरुको कृषि शाखालाई पत्राचार गरी वडा कार्यालयको सूचना पाटीमा टाँस गर्न अनुरोध गरी निवेदन संकलनमा सहजिकरणको लागि अनुरोध गरिएको थियो।
- सूचना आह्वान पश्चात प्राप्त आवेदनहरुको अध्ययन तथा फिल्ड प्रमाणिकरण गरी तोकिएको प्रकृया अनुसार विभिन्न कार्यक्रमहरु कार्यान्वयनका लागि योग्य कृषक संघ संस्थाको छनौट गरिएको थियो।
- छनौट हुनुभएका कृषकहरुसँग कार्यक्रम संचालनको लागि सम्झौता गरी कार्यक्रमको कार्यान्वयन, अनुगमन-मूल्याङ्कन, पृष्ठपोषण तथा कार्यक्रम सम्पन्न भई आवश्यक प्रमाण पेश गरेपछी भुक्तानी गरिएको थियो।

## आ.व. २०८२/०८३ मा अनुदानग्राहीको विवरणः

| समुदायस्तरमा खायन आलु उत्पानद प्रवर्द्धन कार्यक्रम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | जम्मा भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
| १ | पुरानो जगत कृषि तथा पन्छी समुह | मर्स्याङ्दी | ४ | सुक बहादुर तामाङ | ९८४६४९४६८१ | ५०६६८९.०४ | ५१३५३८.४५ | ९० | |
| २ | दुधपोखरी साना किसान कृषि सहकारी संस्था लि | दुधपोखरी | १ | गज बहादुर गुरुङ | ९८२७१४७७७४ | २३७४२३.०८ | २३५६१२.५० | ५० | |
| ३ | रानीकुवा बहुउदेश्यीय कृषक समुह | बेसीशहर | ३ | अमृत अधिकारी | ९८४६३६९९६२ | १४३२०३.८५ | १४७४९९.९७ | ३० | |
| ४ | मालिका बहुउदेश्यीय सहकारी संस्था लिमिटेड | सुन्दरबजार | ७ | तत बहादुर गुरुङ | ९८५६०२८६२२ | ३०९१४२.३१ | ३१८४१६.५८ | ७० | |
| ५ | सुन्दरबीउ उत्पादक तथा कृषि सहकारी संस्था लि | सुन्दरबजार | ७ | ज्ञानहरी ढुंगाना | ९८४६७३८२४५ | १३७२०३.८५ | १४१३१९.९७ | ३० | |
| ६ | हिमाली पशु तथा कृषि कृषक समुह | मर्स्याङ्दी | ४ | बाबुराम तामाङ | ९८४६३५३६७३ | ४५०६४४.४२ | ४६०३५०.५७ | ८० | |
| ७ | लालीगुराँस बहुउदेश्यीय कृषि तथा जडीबुटी सलि.स. | मर्स्यमङ्गदी | ४ | अजय तामाङ | ९८४६०९९४१२ | ४५०६४४.४२ | ४५८९५३.४३ | ८० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | साना किसान कृषि सहकारी संस्था लि | सुन्दरबजार | ६ | लक्ष्मण ढुंगाना | ९८५६०४७२०२ | १४६२०३.८५ | १५०५८९.९७ | ३० | |
| ९ | जनकल्याण सहकारी संस्था लि | मध्यनेपाल | २ | रामनाथ पौडेल | ९८४६०९१५९२ | ३०६६५७.६९ | ३१५८५७.४२ | ६० | |
| | **जम्मा रु.** | | | | | **२६८७८१२.५१** | **२७४२१३८.८६** | **५२०** | |
| **समुदायस्तरमा प्रशोधनयोग्य आलु उत्पादन प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | |
| **क्र.सं.** | **आवेदकको नाम** | **स्थानीय तह** | **वडा नं** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नम्बर** | **सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.)** | **जम्मा भुक्तानी भएको रकम (रु.)** | **क्षेत्रफल विस्तार प्रगति (रोपनीमा)** | **कैफियत** |
| १ | धमिलिकुवा साना किसान कृषि सहकारी स लि | राईनास | ६ | राधिका तिमल्सिना | ९८५६०१३५०४ | ३६७,३३९.७८ | ३६६३३६.०८ | ६० | |
| २ | ढम्के टिमुरे कृषि तरकारी तथा पशुपालन बहुउदेश्यीय समुह | राईनास | ३ | लक्ष्मी प्र न्यौपाने | ९८४६१२०९५६ | २३२,६४८.५२ | २३८५६०.६३ | ३८ | |
| ३ | जनहित कफि तथा कृषि सहकारी संस्था लि | राईनास | ४ | भगवती कँडेल | ९८४६७४५५३९ | ३०६,११६.४८ | ३१५२९९.९७ | ५० | |
| ४ | नमुना बहुउदेश्यीय कृषि समुह | राइनास | ६ | विनोद चिलुवाल | ९८६३४८२२८२ | १८३,६६९.८९ | १८४७७०.१९ | ३० | |
| ५ | लामपाटा कृषि तथा पशुपालन फर्म | राइनास | ३ | भोज बहादुर अधिकारी | ९८४६७५९५६२ | ५०२,०३१.०३ | ४९८६१३.३५ | ८२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | साना किसान कृषि सहकारी संस्था लि | मध्यनेपाल | १० | तीर्थ बहादुर माझी | ९८४६२३५८२६ | ५९७४८२.९६ | ६०३५७०.३२ | १०० | |
| | **जम्मा रु.** | | | | | **२,१८९,२८८.६६** | **२२०७१५०.५४** | **३६०** | |

**ग्रामिण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिउरुङ कृषि समूह | मस्यार्ङदी | ३ | गणेश बहादुर गुरुङ | ९८४६७००८२१ | १९१०३१.०० | १७२३५८.०० | २० | तरकारी |
| | **जम्मा रु.** | | | | | **१९१०३१.००** | **१७२३५८.००** | **२०** | |

**फलफूल नर्सरी स्थापना तथा संचालन कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हिमालयन हर्व सेन्टर | क्व्होलासोथार | ८ | गम प्रसाद गुरुङ | ९८५६०४५९८५ | ९२,८४०.०० | ५२,९०१.०० | | |
| | **जम्मा रु.** | | | | | **९२,८४०.००** | **५२,९०१.००** | | |

**कृषि उद्यम विकास कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो कोशेली | सुन्दरबजार | ७ | सुमन गुरुङ | ९८४६३१५५५५ | ४,८८,२८०.०० | ४,६९,३९१.०० | २०००० मुडा | ग्यानोडर्मा च्याउ |
| २ | अंकिता पशु तथा बाख्रा फर्म | दुधपोखरी | २ | अनिल दवाडी | ९८६३३२५९६३ | ३,४८४००.०० | ३,३४७५०.०० | ५० | कफी |
| | **जम्मा रु.** | | | | | **८३६,६८०.००** | **८०४,१४१.००** | | |

**निर्यातजन्य कृषि बस्तु प्रवर्द्धन कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालरुपा एकिकृत कृषि तथा पशुपन्छी तथा झिंगा उत्पादन कृषक समुह | क्व्होलासोथार | ७ | गंगालाल गुरुङ | ९७६५८३६५४० | १,०२,३६०.०० | १,०१,०००.०० | ५० | कफी |
| २ | लेखपानी कृषक समुह | सुन्दरबजार | २ | मीलनध्वज के.सी. | ९८४१९८५५७५ | २,००,०००.०० | १,८३,४०२.०० | ७५ | अकबरे |
| ३ | पाताल कृषि सहकारी संस्था लि. | सुन्दरबजार | १ | गोवर्धन गौली | ९८५५०६०९८१ | १,५८,७८२.०० | १,५२,६७५.०० | ५० | अकबरे |
| ४ | समिर फर्निचर तथा घार उधोग | सुन्दरबजार | ७ | रमेश पौडेल | ९८६५५९७९८९ | १,९९,०५६.०० | १,९१,२००.०० | ५० घार | मौरी |
| ५ | अनुग्रह कृषि तथा पशु फर्म | क्व्होलासोथार | २ | नन सुब्बा गुरुङ | ९८४६७३८१७४ | १,१०,०००.०० | १,१३,४४८.०० | २० | कफी |
| ६ | माउन्ट अन्नपुर्ण अर्गानिक कृषि फर्म | बेसीशहर | १ | विश्व प्रसाद अधिकारी | ९८६६३५२४३० | ५२,१८८.१२ | ४९,५१९.०० | १० | कफी |
| ७ | पाखिन कृषि तथा पशुपालन फर्म | दोर्दी | ८ | यम बहादुर तामाङ | ९८४६०१६३०७ | ३९,७८०.०० | २४,०००.०० | १० | बेसार |
| ८ | सुजित अगार्निक कृषि फर्म | सुन्दरबजार | १ | शिवराज पौडेल | ९८४६१९३५१५ | ७०,३७६.०० | ६८,३००.०० | ६ | कफी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | रानीकुवा बहुउदेश्यीय कृषक समुह | बेसीशहर | ३ | अमृत अधिकारी | ९८४६३६९९६२ | १,९९,९६६.०० | १,८७,५२५.०० | ३० | बेसार |
| | **जम्मा रु.** | | | | | **११,३२,५०८.१२** | **१०,७१,०६९.००** | | |
| **आत्मनिर्भरताका लागि बीउ उत्पादन कार्यक्रम** | | | | | | | | | |
| **क्र.सं.** | **आवेदकको नाम** | **स्थानीय तह** | **वडा नं** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नम्बर** | **सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.)** | **भुक्तानी भएको रकम (रु.)** | **क्षेत्रफल विस्तार प्रगति (रोपनीमा)** | **कैफियत** |
| १ | राधाकृष्ण कृषि सहकारी संस्था लि. | राईनास | ६ | हरि प्रसाद घिमिरे | ९८४६१९१३७६ | १,५०,८६५.०० | १,२९,२७५.०० | ५५० | |
| २ | नागभैरव बहुउद्धेश्यीय सहकारी संस्था लि. | मध्यनेपाल | ३ | दुवराज सोती | ९८५६०४६००५ | ३,१८,४८५.०० | २,१७,८७५.०० | ३६० | |
| | **जम्मा रु.** | | | | | **४,६९,३५०.००** | **३४७,१५०.००** | **९१०** | |
| **रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम** | | | | | | | | | |
| **क्र.सं.** | **आवेदकको नाम** | **स्थानीय तह** | **वडा नं** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नम्बर** | **सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.)** | **भुक्तानी भएको रकम (रु.)** | **क्षेत्रफल विस्तार प्रगति (रोपनीमा)** | **कैफियत** |
| १ | श्री आडचौर कृषक समुह | सुन्दरबजार | २ | पुर्ण बहादुर मौरती | ९७४५५३०२२५ | १,३७,२८०.०० | १,०२,०००.०० | ३० | |
| २ | वातावरण मैत्री नमुना गहते गाउँ कृषि समुह | सुन्दरबजार | ५ | केश बहादुर गुरुङ | ९८४६२४९१३६ | १,५६,०००.०० | १,२०,०००.०० | ३० | |
| | **जम्मा रु.** | | | | | **२,९३,२८०.००** | **२,२२,०००.००** | **६०** | |
| **व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम** | | | | | | | | | |

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिवानी कृषि फर्म | क्व्होलासोथार | ८ | ईश्वर बहादुर गुरुङ | ९८४६४६७८०५ | २,४९,५२२.०० | १,६८,२६५.०० | ५ वटा फलामे टनेल | |
| २ | एग्रो पाल्ले कृषि उधोग | बेशिशहर | ३ | शिला घिमिरे | ९८४६१२३६३८ | १,४३,०६६.०० | ८८,१८१.०० | २ वटा फलामे टनेल | |
| ३ | कुंवर कृषि तथा पशु फर्म | मध्यनेपाल | ६ | सिता देवी कुबँर | ९८४६५५३६६५ | १,२२,३०१.४० | ११६,०९०.०० | २ वटा फलामे टनेल | |
| ४ | ईन्दिरा कृषि तथा पशुपन्छी फर्म | राईनास | ५ | ईन्दिरा त्रिपाठी | ९८६५५१३९१० | ८९,८८१.०० | ८५९०५.०० | ५ वटा बाँसको टनेल | |
| ५ | अस्मिता एकिकृत कृषि फर्म | क्व्होलासोथार | ८ | केश कुमारी गुरुङ | ९८४६०६०२२८ | ३,७८,२१३.०० | २,९४,१२०.०० | ७ वटा फलामे टनेल | |
| ६ | फलफुल तथा बागबानी फर्म | दोर्दी | ९ | प्रेम बहादुर गुरुङ | ९८१५१५६७३१ | ४५,७६०.०० | ४४,०००.०० | ४ वटा बाँसको टनेल | |
| ७ | ज्योती अलैची फर्म | क्व्होलासोथार | ३ | लिल बहादुर कामी (वि.क.) | ९८४६२५०४४५ | २७,५६०.०० | २२,६८०.०० | २ वटा बाँसको टनेल | |
| ८ | ससधारा सामाजिक महिला स. सं. लि. | मध्यनेपाल | १ | सरीता थापा | ९८६६०००९३० | १,२२,०२६.०० | ४७,५२५.०० | ४ वटा बाँसको टनेल | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बर्षा कृषि तथा पशु फर्म | बेशिशहर | ९ | शोभा अधिकारी खत्री | ९८४६३६९९३७ | २४,२५८.०० | १९,५५२.०० | ५ रोपनी | |
| १० | पाण्डे कृषि फर्म | बेशिशहर | ११ | अर्जुन पाण्डे | ९८४९५४७६०० | १७,७०६.०० | १६,७९२.०० | ३ वटा टनेल प्लाष्टिक | |
| ११ | किरण सागर कृषि तथा पशु फर्म | बेसिशशर | ३ | दिपेन्द्र बोहोरा | ९८४६७१५७१९ | १५,६२६.०० | १५,०२५.०० | २ रोपनी | |
| १२ | हर्रोबर्रो फार्म प्रा. लि. | मध्यनेपाल | १ | मधुसुदन पौडेल | ९७६८२४५९९९ | १,६०,१६०.०० | १,२२,९४८.०० | १ हाइटेक टनेल | |
| १३ | शीतल देवी मौरी फर्म | दुधपोखरी | ६ | बुधराज थापा | ९८२६१७२२९२ | ६९,६८०.०० | ६२,७८६.०० | १ फलामे टनेल, ६ वटा बाँसको टनेल | |
| १४ | लालीगुराँस बहुउद्धेश्यीय सहकारी संस्था लि. | मध्यनेपाल | ६ | प्रेम लाल श्रेष्ठ | ९८५६०२४४०८ | १,५८,०८०.०० | १,४९,००१.०० | २० रोपनी | |
| | **जम्मा रु.** | | | | | **१६,२३,८३९.४०** | **१२,५२,८७०.००** | - | |

**खाद्यान्नबाली उत्पादन प्रवर्द्धन कार्यक्रम**

| **क्र.सं.** | **आवेदकको नाम** | **स्थानीय तह** | **वडा नं** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नम्बर** | **सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.)** | **भुक्तानी भएको रकम (रु.)** | **क्षेत्रफल विस्तार प्रगति (रोपनीमा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाँग्रेबेशी सेरोफेरो कृषक समुह | मध्यनेपाल | ६ | बाबुराम रिमाल | ९८५६०५०७०२ | २,४३,८१०.०० | २,३४,७५०.०० | १०० | |
| २ | श्री राजा राजेश्वरी कृषक समुह | मध्यनेपाल | ९ | मन बहादुर गुरुङ | ९८४६३३०५६८ | २,२७,०१०.०० | २,१७,५००.०० | १०० | |
| ३ | मालिका सुन्धारा कृषक समुह | मध्यनेपाल | १० | मिरा कुबँर | ९८६११९६०२६ | १,४२,४१०.०० | १,३७,२५०.०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | धमिलिकुवा साना किसान कृषि सहकारी स लि | राईनास | ६ | राधिका तिमल्सिना | ९८५६०१३५०४ | २,२५,२८८.०० | २,१७,२३०.०० | १०० | |
| ५ | मालिका परिश्रमी बहुउदेश्यीय सहकारी संस्था लि | मध्यनेपाल | १० | गणेश बहादुर थापा | ९८१५१२५१०२ | २,३७,९६०.०० | २,२१,६२५.०० | १०० | |
| ६ | मिलनचोक धान बाली प्रवर्द्धन समिति | सुन्दरबजार | ३ | चन्द्रदय अधिकारी | ९८४६२४९२४८ | २,९५,४७०.०० | २,८२,१८८.०० | १०० | |
| ७ | सप्तधारा सामाजिक मलि.स.स.उ. | मध्यनेपाल | १ | सरीता थापा | ९८६६०००९३० | २,३०,४३६.०० | २,२२,५२५.०० | १०० | |
| ८ | सुन्दर बीउ उत्पादक कृषि सहकारी संस्था | सुन्दरबजार | ७ | ज्ञानहरी ढुङ्गाना | ९८४६७३८२४५ | २,२६,५९८.०० | २,१६,९३८.०० | १०० | |
| ९ | पिरिन्टिवेशी धानबाली प्रवर्द्धन समिति | सुन्दरबजार | ३ | ठाकुर प्रसाद न्यौपाने | ९८४६३५८९३९ | २,५३,५००.०० | २,४३,८९१.०० | १५० | |
| १० | साना किसान कृषि सहकारी संस्था लि | सुन्दरबजार | ४ | लक्ष्मण ढुंगाना | ९८५६०४७२०२ | १,९५,०४५.०० | १,८७,८७५.०० | १०० | |
| ११ | पाउँदी सेरोफेरो सहकारी संस्था लि. | सुन्दरबजार | ४ | अनिल अधिकारी | ९८४१७५२९४५ | १,५९,९००.०० | १,५३,७५०.०० | १०० | |
| | **जम्मा रु.** | | | | | **२४,३७,४२७.००** | **२३,३५,५२२.००** | **१,१५०.००** | |

**सुन्तलाजात फलफूल बजैंचा स्थापना तथा विस्तार कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्रेष्ठ मौरी फर्म | बेशिशहर | १ | अनिता श्रेष्ठ | ९८४५८१५०५६ | ७४,२०३.०० | ६२,३२२.०० | १९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | तीरकाशी कृषि फलफुल तथा पशु फर्म | मर्स्याङ्दी | ४ | तीरकाशी तामाङ | ९८४६४६१७३२ | ४१,८७३.०० | १७,७५०.०० | १० | |
| | **जम्मा रु.** | | | | | **११६,०७६** | **८०,०७२.००** | **२९** | |

**फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | किराखोर कृषि फर्म | मध्यनेपाल | ७ | प्रतिक्षा आचार्य | ९८४६७१७७१७ | ५७,०६९.०० | ५६,०९०.०० | ९ | |
| २ | गौरी शंकर कृषि तथा नर्सरी फार्म | बेसिशहर | १० | युवराज गुरुङ | ९८४६०७४७१७ | ३७,०००.०० | ३७,०००.०० | ५ | |
| ३ | मस्यार्ङदी विच एग्रो फर्म | बेसिशहर | १० | ईन्द्र बहादुर घले | ९८४६१६९१०४ | ६२,१९६.०० | ५७,८६४.०० | ८ | |
| ४ | प्रगतिशिल रैथाने कागे भेडा फर्म | बेसिशहर | ६ | दुर्गा बहादुर गुरुङ | ९८४६३५३९९९ | ३४,९०४.०० | ३४,१६५.०० | ५ | |
| | **जम्मा रु.** | | | | | **१९१,१६९** | **१,८५,११९.००** | **२७** | |

**सुन्तलाजात फलफूल बगैँचा सुदृढिकरण सहयोग कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शंखमान कृषि फर्म | बेसीशहर | १ | शंखमान श्रेष्ठ | ९८४६२४७१४२ | २९,४९२.०० | २७,७१४.०० | १३ | |
| २ | मधुवान एकिकृत कृषि तथा पशुपन्छी फर्म | बेसीशहर | ११ | राम बहादुर थापा | ९८४६२२९९११ | २०,९८४.०० | २०,४७७.०० | ७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | श्री फुड फरेष्ट प्रालि. | बेसीशहर | ११ | झपिन्द्र राज पन्त | ९७०५८७३३७६ | ७,३३०.०० | ७,२५०.०० | ५ | |
| ४ | अनुपम कृषि तथा सुन्तला फर्म | बेसीशहर | ११ | दिनेश मुर्ति पन्त | ९८५६००३७२१ | १२,८६१.०० | १२,४००.०० | ८ | |
| ५ | मुन लाईट कृषि फर्म | बेसीशहर | ११ | रमेशराज पन्त | ९८५६०४६४७८ | २३,५००.०० | २३,५००.०० | ८ | |
| ६ | हावासिभ्रो भैसिपालन | क्व्होलासोथार | २ | ललिता गुरुङ | ९७६५४०८८४९ | ३४,५१६.०० | २९,३५०.०० | १५ | |
| ७ | थानसिङ चण्डी कृषक समुह | मध्यनेपाल | १० | तत बहादुर गुरुङ | ९८५६०२८६२२ | ७४,९३३.०० | ६७,३१२.०० | २५ | |
| ८ | हिर्कुस एग्रो फार्म प्रा.लि. | सुन्दरबजार | १ | तारा भट्टराई गौली | ९८४५०६३०२४ | ८९,९२५.०० | ८९,९२५.०० | ३० | |
| ९ | कुसपानी कृषि उधम केन्द्र कृषक समुह | सुन्दरबजार | ८ | विष्णु प्रसाद सापकोटा | ९८४६०९९६४४ | ८९,४७०.०० | ८९,०९९.०० | ३० | |
| ११ | सुर्यदय फलफुल फर्म | मस्यार्ङदी | ८ | कुमान बहादुर गुरुङ | ९८५६०४५३९५ | ९३,९६४.०० | ९०,३७५.०० | ३५ | |
| | **जम्मा रु.** | | | | | **४७६,९७५.००** | **४५७,४०२.००** | **१७६** | |

**फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढिकरण सहयोग कार्यक्रम**

| क्र.सं. | आवेदकको नाम | स्थानीय तह | वडा नं | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.) | भुक्तानी भएको रकम (रु.) | क्षेत्रफल विस्तार प्रगति (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नमुना कृषि फर्म | मर्स्याङ्दी | ४ | पुर्णबहादुर तामाङ | ९८४६८५१७२९ | ७०,२५६.०० | ६५,५३२.०० | २४ | |
| २ | बिनोद कृषि तथा पशुपन्छी फर्म | बेसीशहर | ११ | बिनोद चन्द्र भण्डारी | ९७४५९९०२२० | २६,८४२.०० | २२,२१३.०० | ९ | |
| ३ | ललित कृषि फर्म | बेसीशहर | ९ | हरीबाबु थापा | ९८५६०४५३८० | २१,०००.०० | २१,०००.०० | ७ | |
| ४ | कृष्ण कृषि तथा पशुपालन फर्म | राईनास | ८ | कृष्णमान श्रेष्ठ | ९८४६१६५७२६ | १७,०९०.०० | १२,०७५.०० | २० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रशुना कृषि तथा पशु फर्म | राईनास | ६ | मीरा कँडेल | ९८४६१९१३७७ | १४,९६०.०० | १४,९६०.०० | ५ | |
| ६ | एकता कृषि फर्म | राईनास | २ | ऋषिराम पन्थी | ९८४६५५६६०९ | २३,९०२.०० | १४,०८८.०० | १० | |
| ७ | नेपाल राष्ट्रिय भु. पु. सैनिक कृषि स. स. लि. | दोर्दी | १ | नारायण प्रसाद अधिकारी | ९८४६१९०१७० | ४२,४७३.०० | ३८,९०५.०० | २५ | |
| | **जम्मा रु.** | | | | | **२१६,५२३.००** | **१,८८,७७३.००** | **१००.००** | |
| **ग्रामिण पोषण सुरक्षण कार्यक्रम** | | | | | | | | | |
| **क्र.सं.** | **आवेदकको नाम** | **स्थानीय तह** | **वडा नं** | **सम्पर्क ब्यक्ति** | **सम्पर्क नम्बर** | **सम्झौता गरिएको कार्यालयको साझेदारी रकम (रु.)** | **भुक्तानी भएको रकम (रु.)** | **प्रगति** | **कैफियत** |
| १ | शिवशक्ति कृषक समूह | सुन्दरबजार | ११ | मानसिङ दुरा | ९८४६५३०७७२ | ५,००,०००.०० | ४,२०,१४६.०० | ७५ विपन्न घरधुरीमा तरकारी खेति तथा मौरीपालन सुरु भएको | |
| २ | हरियाली घनपोखरा कृषक समूह | मर्स्याङ्दी | २ | दुधराज वि.क. | ९८४७७६९३५६ | ५,००,०००.०० | ४,४७,४३९.०० | | |
| ३ | करापुकोट कृषि सहकारी संस्था लि. | मध्यनेपाल | ८ | विकास गुरुङ | ९८६४३८१४३४ | ५,००,०००.०० | ३,९८,३६३.०० | | |
| | **जम्मा रु.** | | | | | **१५,००,०००.००** | **१२,६५,९४८.००** | | |

## ख) बिशेषज्ञ सेवा तर्फ

यस बिशेषज्ञ सेवा शाखा मार्फत प्रदान गरिने तथा संचालन गरिने कार्यक्रमहरु यस अनुसार रहेका छन्।

१. प्रयोगशाला सेवा
   - बीउ बिजन परीक्षण
   - बाली रोग पहिचान तथा व्यवस्थापन
   - कीराको पहिचान तथा व्यवस्थापन
   - माटोको नमूना परीक्षण

२. समस्या समाधानका लागि प्राविधिक सल्लाह सुझाव

३. जिल्लाको प्राथमिकता बालीको क्षेत्रफल विस्तार एवम् उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि कार्यक्रम संचालन

४. स्थानिय तहका कृषि प्राविधिकहरुको क्षमता अभिबृद्धि तथा प्राविधिक ब्याकअप

५. अनुदानका कार्यक्रम संचालनका लागि सम्बन्धित शाखामा कार्यरत प्राविधिक कर्मचारीहरु मार्फत कार्यक्रम सम्झौता गरी अनुगमनको कार्य जारी

### चालु आ.व. मा बार्षिक स्वीकृत कार्यक्रम अनुसार शाखा मार्फत संचालन गरिने कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रमको विवरण | लक्ष्य | बिनियोजित बजेट रु लाखमा | कैफियत |
|---|---|---|---|---|
| १ | आई पि एम कृषक पाठशाला संचालन | २ वटा | ५ | |
| २ | बाली विशेष स्थलगत तालिम सेवाटेवा सहित | १२ पटक | ६ | |
| ३ | आकस्मिक बाली संरक्षण कार्यक्रम | ९ पटक | २.२५ | |
| ४ | कृषि मेशिनरी तथा यान्त्रिकरण मर्मत तालिम (कृषकस्तर) | १ पटक | १.५ | |
| ५ | स्थानीय स्तरमा कार्यरत प्रा.स/ना.प्रा.स हरूको क्षमता अभिवृद्धि तालिम | १ पटक | १.५ | |
| ६ | नयाँ तथा समसामयक कृषि प्रविधि सम्बन्धी अभिमुखिकरण गोष्ठी | २ पटक | २ | |
| ७ | उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रम | १० पटक | ५ | |
| ८ | स्थानिय तहमा कृषि शिविर संचालन | ८ पटक | ४ | |
| ९ | स्थानीय तहका पदाधिकारी/कृषि प्राविधिकसँग समन्वयात्मक कार्यक्रम | ४ पटक | २.४ | |
| १० | प्रयोगशाला सेवा तथा संचालन | ४ पटक | ३ | |

## आ.व. २०८२/०८३ मा उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रमको विवरणः

| क्र.स. | उत्पादन प्रदर्शन कार्यक्रमको नाम | उपचार (Treatment) | बाली | स्थान | नतिजा (Result) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कन्य च्याउ खेती प्रविधि प्रदर्शन | परालमा च्याउको खेती गरेको | च्याउ | कार्यालय परिसरमा | उत्पादनमा वृद्धि भएको साथै रोग किरा नियन्त्रणमा भएको | |
| २ | आलु खेती प्रविधि | उन्नत जात प्रदर्शन | आलु (स्याजिटा) | सुन्दरबजार न पा ७ | उत्पादन उत्साह जनक ३४.४ मे.टन | |
| ३ | बेमौसमी तरकारी उत्पादन प्रविधि प्रदर्शन | प्लाष्टिक घरमा थोपा सिँचाईको प्रयोग | लहरे बाली | सुन्दरबजार-३ | तरकारी उत्पादनमा वृद्धि भएको | |
| ४ | कागती बगैंचा व्यवस्थापन प्रदर्शन | बोर्डो पेष्टद्वारा बिरुवा उपचार | कागती | मध्यनेपाल-१ | ढुसीजन्य रोग तथा किराहरुको प्रकोप कम भएको | |
| ५ | सुन्तलाजात फलफुलमा असिनाको क्षति न्युनिकरण प्रदर्शन | हेलनेटको प्रयोग | सुन्तला/कागती | दोर्दी-९ | असिना पानीद्वारा फलमा क्षति न्युनिकरण भएको | |
| ६ | भर्मी बेड निर्माण प्रदर्शन | तरकारीमा भर्मी कम्पोष्ट प्रयोग | तरकारी | बेसीशहर-९ | जारी रहेको | |

## आ.व. २०८२/०८३ मा बाली कटानी विवरणः

| क्र.स. | बालीको नाम | जात | बाली कटानी संख्या | उत्पादकत्व मे.ट प्रति हे |
|---|---|---|---|---|
| १ | सुन्तला | स्थानीय | ८ | ६.३३ |
| २ | धान | रामधान, हाईब्रीड लगायत अन्य स्थानीय | १० | ३.२४ |
| ३ | आलु | जनकदेव | ५ | २८.६७ |
| ४ | आलु | सेजिटा | ४ | ३४.८५ |
| ५ | मकै | रामपुर कम्पोजिट | ८ | ३.८ |
| ६ | मकै | अरुण २ | ११ | १.९ |

## आ.व. २०८२/०८३ मा कृषि प्रसारका कार्यक्रमहरुमा सहभागिता विवरणः

| क्र.सं | विषय | सञ्चालन मिति | | संख्या | सहभागी संख्या (जम्मा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य |
| १ | बाली विशेष स्थलगत तालिम | वार्षिक लक्ष्य अनुसार विभिन्न समयमा | | ८ | १४७ | १०६ | २५३ | ३७ | १५६ | ६० |
| २ | रैथाने बाली परिकार विविधिकरण तालिम | २०८२/१२/२९ | २०८२/१२/३० | १ | ७ | ७ | १४ | ० | १४ | ० |
| ३ | कृषि मेसिनरी मर्मत सम्भार तालिम | २०८२/०७/२७ | २०८२/०८/०२ | १ | ० | १२ | १२ | ० | ५ | ७ |
| ४ | कृषि शिविर संचालन (बाली उपचार, माटो जाँच तथा अन्य प्राविधिक सेवा परामर्श) | वार्षिक लक्ष्य अनुसार विभिन्न समयमा | | ५ | १२७ | ७६ | २०३ | ४१ | ९६ | ६६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नयाँ तथा समसामयिक कृषि प्रविधि सम्बन्धी अभिमुखिकरण गोष्ठी | २०८३/०१/१० र २०८३/०३/३१ | २ | २४ | ३२ | ५६ | २ | २२ | ३२ |
| ६ | विषादी सचेतना, कृषि विमा, रासायनिक मलको प्रयोग विषयक अन्तर्क्रिया गोष्ठी | २०८३/०१/२६ र २७ | २ | १९ | ३४ | ५३ | १ | २१ | ३१ |
| ७ | किसान सुचिकरण सहजिकरण सम्बन्धी अभिमुखिकरण गोष्ठी | २०८३/०३/१८ | १ | ९ | १५ | २४ | ० | ६ | १८ |
| **जम्मा** | | | | ३३३ | २८२ | ६१५ | ८१ | ३२० | २१४ |

## आ.व. २०८२/०८३ सम्मको बेरुजु विवरणः

| विवरण | असुल उपर गर्नु पर्ने | अन्य बेरुजु | जम्मा |
|---|---|---|---|
| जम्मा बेरुजु | १३,०७१/- | ० | १०,५२१/- |
| ८२/८३ मा सं.प. का लागि पेश भएको रकम | २,५५०/- | ० | २,५५०/- |
| बेरुजु फछ्यौंट भएको रकम | २,५५०/- | ० | २,५५०/- |
| बाँकी बेरुजु | १०,५२१/- | ० | १०,५२१/- |
| बेरुजु फछ्यौंट (प्रतिशत) | २० | ० | २० |

## आ.व. २०८२/०८३ मा लमजुङ जिल्ला स्थित रासायनिक मलको स्थानीय तहगत कोटा निर्धारण विवरण:

| क.सं. | मिति | आपुर्तीकर्ता (Supplier) | बेसीशहर न.पा. | | सुन्दरबजार न.पा. | | मध्यनेपाल न.पा. | | राइनास न.पा. | | मर्स्याङ्दी गा.पा. | | क्व्होलासोथार गा.पा. | | दोर्दी गा.पा. | | दुधपोखरी गा.पा. | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Urea | DAP | Urea | DAP | Urea | DAP | Urea | DAP | Urea | DAP | Urea | DAP | Urea | DAP | Urea | DAP | Urea | DAP |
| १ | २०८२-०४-१४ | कृषि सामाग्री कम्पनी लि. | ३६ | - | ३८ | - | ४० | - | ३८ | - | १७ | - | १ | - | १८ | - | १२ | - | २०० | ० |
| २ | २०८२-०४-१८ | साल्ट ट्रेडिङ कर्पोरेशन | १८ | - | १८ | - | २० | - | २० | - | १२ | - | १ | - | १२ | - | ९ | - | ११० | ० |
| ३ | २०८२-०४-२९ | साल्ट ट्रेडिङ कर्पोरेशन | - | २८ | - | २६ | - | २८ | - | २६ | - | १० | - | १ | - | ८ | - | ३ | ० | १३० |
| ४ | २०८२-०६-०८ | कृषि सामाग्री कम्पनी लि. | - | १९ | - | १९ | - | २० | - | १८ | - | ५ | - | १ | - | ६ | - | २ | ० | ९० |
| ५ | २०८२-०६-२७ | कृषि सामाग्री कम्पनी लि. | १७ | २० | १५ | १६ | १५ | १७ | १५ | १६ | ९ | ५ | १ | १ | ६ | ४ | २ | १ | ८० | ८० |
| ६ | २०८२-०७-१४ | कृषि सामाग्री कम्पनी लि. | १६ | - | १६ | - | १६ | - | १६ | - | ७ | - | १ | - | ६ | - | २ | - | ८० | ० |
| ७ | २०८२-०८-१४ | कृषि सामाग्री कम्पनी लि. | ४० | - | ३६ | - | ३६ | - | ३६ | - | १२ | - | १ | - | १५ | - | ४ | - | १८० | ० |
| ८ | २०८२-०८-२४ | कृषि सामाग्री कम्पनी लि. | ३० | २५ | २५ | १८ | २५ | २० | २५ | १७ | १० | ५ | १ | १ | ५ | ३ | २ | १ | १२३ | ९० |
| ९ | २०८२-०९-०२ | साल्ट ट्रेडिङ कर्पोरेशन | ३५ | - | ३१ | - | ३१ | - | ३१ | - | १२ | - | १ | - | १५ | - | ४ | - | १६० | ० |
| १० | २०८२-०९-३० | कृषि सामाग्री कम्पनी लि. | २० | - | १७ | - | १७ | - | १५ | - | ९ | - | १ | - | ९ | - | २ | - | ९० | ० |
| ११ | २०८२-१०-२८ | कृषि सामाग्री कम्पनी लि. | २० | - | १८ | - | १८ | - | १८ | - | ७ | - | १ | - | ६ | - | २ | - | ९० | ० |
| १२ | २०८३-०१-०७ | साल्ट ट्रेडिङ कर्पोरेशन | ४ | २० | ४ | २० | ४ | २० | ३ | १५ | २ | १० | ० | २ | २ | १० | १ | ३ | २० | १०० |
| १३ | २०८३-०३-१० | कृषि सामाग्री कम्पनी लि. | ४ | ६ | ४ | ६ | ४ | ६ | ३ | ५ | २ | ३ | ० | १ | २ | २ | १ | १ | २० | ३० |
| | | साल्ट ट्रेडिङ कर्पोरेशन | ४ | - | ३ | - | ४ | - | ४ | - | २ | - | १ | - | २ | - | ० | - | २० | ० |
| जम्मा | | | २४४ | ११८ | २२५ | १०५ | २३० | १११ | २२४ | ९७ | १०१ | ३८ | १० | ७ | ९८ | ३३ | ४१ | ११ | ११७३ | ५२० |

## ११. सूचना अधिकारी र प्रमुखको नाम र पद

**सूचना अधिकारीः** सरोज थापा, कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं)

**कार्यालय प्रमुखः** किरण सिग्देल, वरिष्ठ बागवानी विकास अधिकृत (अधिकृतस्तर दशौं)

## १२. ऐन, नियम, कार्यविधि, मापदण्डको सूचीः कार्यालयको वेबसाईटमा राखिएको

| क्र.सं. | ऐन/ निर्देशिका/ कार्यविधि/मापदण्ड |
|---|---|
| १ | बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ |
| २ | बीउ उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| ३ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| ४ | फलफूलबाली विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८० |
| ५ | उन्नत प्रविधि प्रदर्शनी सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड २०७८ |
| ६ | खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| ७ | ग्रामिण पोषण सुरक्षण कार्यक्रम संचालन मापदण्ड २०७८ |
| ८ | उत्कृष्ट कृषि पुरस्कार सम्बन्धी मापदण्ड, २०७९ |
| ९ | आलु उत्पादन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| १० | व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| ११ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |
| १२ | जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ |
| १३ | मसलाबाली प्रवर्धन कार्यक्रम संचालन मापदण्ड, २०७७ |
| १४ | फलफूल, तरकारी तथा नगदेबाली बिरुवा/स्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२ |

## १३. बजेट तथा खर्च सम्बन्धी विवरण

| बजेट स्रोत | प्रकार | वार्षिक | |
|---|---|---|---|
| | | विनियोजित | खर्च |
| प्रदेश सशर्त | पुँजीगत खर्च | ४३५० | ० |
| | चालु खर्च | ५०१७२ | २६५८२ |
| NAMP | चालु खर्च | ० | ० |
| DoA | चालु खर्च | २८२ | ० |
| जम्मा | पुँजीगत | ४३५० | ० |
| | चालु खर्च | ५०४५४ | २६५८२ |
| | कुल | ५४८०४.५ | २६५८२ |

## प्रगती अनुसार कार्यक्रमहरुको संख्याः

| क्र.सं. | आयोजना/कार्यक्रमहरु विवरण | संख्या |
|---|---|---|
| १ | वार्षिक जम्मा सङ्ख्याः | ३८ |
| २ | यस अवधिको जम्मा सङ्ख्याः | २४ |
| ३ | कार्यान्वयनमा गएका | ३६ |
| ४ | ८० % वा सोभन्दा माथि प्रगति हासिल गरेका | २९ |
| ५ | ५० % देखि ७९.९९ % सम्म प्रगति हासिल गरेका | ४ |
| ६ | ५०% भन्दा कम प्रगति हासिल गरेका | ३ |
| ७ | यस अवधिमा काम सुरु नभएका आयोजनाहरुको संख्या | २ |

## १४. अन्य विवरण

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिः श्री मदन रेग्मी, कृषि अर्थ विज्ञ (अधिकृतस्तर आठौं)

ख) वेबसाइट/इमेल/फेसबुक पेजबाट नियमित सूचनाहरु प्रकाशन, प्रसार गर्ने गरिएको

ग) उजुरी पेटिकाको व्यवस्था गरिएको

घ) खरिद ईकाइ गठन गरिएको

ङ) नागरिक बडापत्रको व्यवस्था गरिएको

च) सेवाग्राहीका लागि पिउने पानी र शीतल प्रतिक्षालयको व्यवस्था

छ) सेवाग्राहीका लागि WiFi र मोवाईल चार्जिङको सुबिधा

ज) सुधारिएको हात धुने ठाउँको व्यवस्था गरिएको

झ) बेबसाईट: www.lamjung.akc.gov.np

ञ) ई-मेल: adolamjung@gmail.com

ट) फोन नं: ०६६-५२०१००